का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १२२
- ११ असार २०७७, बिहीबार
- 25 June 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १०७२८ जना | २३३८ जना | १९३१९४ | ८३६६ | २४ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ९४ लाख ९ हजार | ५० लाख ७४ हजार | ४ लाख ८० हजार | ३८ लाख ४३ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# तिक्ततापूर्ण उद्घाटन

"अघिल्लो सचिवालय बैठक अगाडि झण्डै पार्टी विभाजनको संघारमा पुगेको थियो। पार्टीमा अहिले पनि गुटबन्दी र बहुमतको खेल छ। यस्तो अनुशासनहीन काम किन हुन्छ ?"

■ केपी शर्मा ओली, प्रधामन्त्री



"पार्टी एकता गर्ने बेलामा कुनै मोर्चा बनाएर जाने कि भनेर समेत मलाई सुझाव आएको थियो। अहिले मलाई त्यही गरेको भए हुन्थ्यो भन्ने लाग्न थालेको छ।"

■ पुष्पकमल दाहाल, अध्यक्ष, नेकपा



**एमसीसी विवाद, सरकार र पार्टी बीच चुलिदो मतभेटका कारण निकै महत्वका साथ हेरिएको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक बुधबार शुरू भएको छ। बैठकको शुरूमै दुई अध्यक्षले निकै तिक्तता मन्तव्य दिएका छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असार।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक बुधबारबाट शुरु भएको छ। दुई पटक स्थगित भइसकेकाले बैठक बस्नेमै आशंका गरिएको स्थायी कमिटी बैठक बुधबार बिहान शीर्ष नेताहरु बैठकमा जुटेपछि भने निश्चित भएको थियो। अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल, बरिष्ठ नेता माधवकुमार नेपाल र महासचिव बिष्णुप्रसाद पौडेल बीच बुधबार बिहान भेटवार्ता भएपछि भने बैठक सुनिश्चित भएको थियो।

यी बैठकले नै नेकपाको स्थायी कमिटीको अजेण्डा पनि तय गरेको थियो। नेकपाको कोभिड महामारी रोकथाम, उपचार तथा नियन्त्रणबारे भइरहेको प्रयासलाई छलफलको पहिलो अजेण्डा बनाइएको छ। बुधबार भने अध्यक्ष द्वयले सम्बोधन गरेर सकिएको बैठकमा छलफलको कार्यसूचीमा भने महामारी नियन्त्रण, सरकार र पार्टीको सम्बन्ध, अमेरिकन सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) लगायत छन्।

नेकपाभित्र सरकारको कार्यशैलीलाई लिएर असन्तुष्टि देखिएको छ। कतिसम्म भने गएको वैशाख ११ गते उपाध्यक्ष वामदेव गौतमको निवासमा बसेको प्रधानमन्त्री ओली इतरका नेताहरुले ओलीलाई अध्यक्ष र प्रधानमन्त्री मध्ये कुनै एक पद छोड्न दबाव दिने निर्णय समेत गरेको थियो। पार्टी र मन्त्रिपरिषदका सदस्यहरु बीच नै कुनै छलफल नगरी प्रधानमन्त्री ओलीले वैशाख ८ गते दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि उनलाई हटाउनेगरी तयारी भएको थियो।

प्रधानमन्त्री ओलीले अध्यादेश ल्याएपछि स्थायी कमिटीका २० सदस्यहरुले लिखित रुपमा बैठकको माग गरेका थिए। पार्टीमा कसैले लिखित रुपमा बैठक माग गरेमा १५ दिनभित्र बोलाउनुपर्ने प्रावधानअनुसार, वैशाख २५ गते बोलाइएको बैठक प्रधानमन्त्री ओलीले स्थगित गरेका थिए। यसपछि फेरि वैशाख ३१ गते बोलाइएको बैठक पनि प्रधानमन्त्री ओलीले स्थगित गरेका थिए। तर, लिम्पियाधुरा सहितको बाँकी पृष्ठ २ मा



प्रधानमन्त्रीनिवास बालुवाटरमा बुधबार बसेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को स्थायी कमिटीको बैठकमा सहभागी हुँदै समिति सदस्यहरू। तस्वीर : चन्द्रकला क्षेत्री

## भीभीआईपीलाई राष्ट्रपतिको डिनर !

**काठमाडौं/मस**–राष्ट्रपति विद्यादेवी भण्डारीले पूर्व प्रधानमन्त्रीहरु, प्रधानमन्त्री र उपप्रधानमन्त्री सहित विशिष्ट व्यक्तिहरुलाई डिनर दिएकी छन्। शितल निवासमा बुधबार साँझ डिनर पार्टी दिएकी हुन्। राष्ट्रपति भण्डारीले सद्भाव भोज भनी निमन्त्रणा दिएकी थिइन्।

यो भोजलाई निकै अर्थपूर्ण र विशेष मानिएको छ। किनभने, बुधबारबाटै सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक शुरु भएको छ। आन्तरिक कलह चुलिएका बेला बसेको स्थायी कमिटी शुक्रबारसम्मका लागि स्थगित भएको छ भने त्यही दिन भोजको आयोजना गरिएको छ।

गएको पुसमा स्थायी कमिटी बैठक आयोजनाका बेला पनि केही नेताहरुलाई निमन्त्रणा दिएकी थिइन्। बाँकी पृष्ठ २ मा

## पीसीआर परीक्षण
# दुई लाख नजिक

**गएको २४ घण्टामा ६२९ संक्रमित थपिएसँगै नेपालमा कोभिड संक्रमित संख्या दश हजार ७२८ पुगेको छ भने पीसीआर परीक्षण दुई लाख नजिक पुगेको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असार।

कोभिड-१९ को संक्रमित बुधबार थप ६२९ जनामा थपिएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले पछिल्लो २४ घण्टामा देशभरिका विभिन्न प्रयोगशालामा गरिएको परीक्षणका क्रममा ५१९ पुरुष र ११० महिलामा संक्रमण पुष्टि भएको जानकारी दिएका छन्।

यो सँगै संक्रमितको संख्या १० हजार ७२८ पुगेको छ। ती मध्ये एक हजार ९४ महिला र नौ हजार ६३४ पुरुष छन्। प्रवक्ता डा गौतमका अनुसार, पछिल्लो २४ घण्टामा थप ११४ जना उपचारपछि निको भएर घर फर्किएका छन्। ती मध्ये आठ महिला र १०६ पुरुष छन्। यो सँगै निको भएर घर फर्किनेको संख्या दुई हजार १२४ पुगेको छ। ती मध्ये दुई हजार ३५ पुरुष र १८९ महिला छन्।

बुधबार डिस्चार्ज हुनेमा जलेश्वर अस्पताल महोत्तरीबाट एक महिला र १८ पुरुष, कोभिड-१९ अस्पताल सपही जनकपुरबाट २० पुरुष, सिन्धुली अस्पताल सिन्धुलीबाट तीन पुरुष छन्। चितवनस्थित भरतपुर अस्पतालबाट नवलपरासी (पूर्व)का एक पुरुष र नवलपरासी (पश्चिम) का दुई पुरुष, चितवनका पाँच महिला र १३ पुरुष, कपिलवस्तुका एक महिला रहेका छन्।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट झापाका चार पुरुष, मोरङका १८ पुरुष, सुनसरीका एक महिला र चार पुरुष तथा तेह्रथुमका एक पुरुष रहेका छन्। डिस्चार्ज हुनेमा दमौली अस्पताल तनहुँका एक पुरुष, धौलागिरि अस्पतला बाग्लुङका चार पुरुष, गोरखा अस्पताल गोरखाबाट एक पुरुष, जिपी कोइराला शुक्लागण्डकीबाट छ पुरुष र कालिका अस्पताल स्याङ्जाबाट १० पुरुष रहेका छन्।

मन्त्रालयका प्रवक्ता डा गौतमका अनुसार, अहिलेसम्म दुई हजार ३३८ जना उपचारपछि निको भएर घर फर्किएका छन्। ती मध्ये १९७ महिला र दुई हजार १४१ पुरुष छन्। पछिल्लो २४ घन्टामा पीसीआर विधिबाट छ हजार ८२८ जनाको परीक्षण भएको छ। आरडीटी विधिबाट पछिल्लो २४ घन्टामा १२ हजार ११२ जनाको परीक्षण भएको प्रवक्ता डा गौतमले जानकारी दिए। उनका अनुसार ७८ हजार ६३९ जना क्वारेन्टिनमा र आठ हजार ३६६ जना आइसोलेशनमा रहेका छन्।

सरकारले डेढ महिना यता पीसीआर प्रणालीबाट परीक्षण पनि बढाएको छ। देशभरका २४ वटा प्रयोगशालाबाट अहिलेसम्म एक लाख ९३ हजार १९४ जनाको परीक्षण भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले ६ लाखसम्म परीक्षण गर्ने घोषणा गरेका थिए। आरडीटी प्रणालीबाट भने दुई ख ८३ हजार ६९६ जनाको परीक्षण गरिएको छ।




जिल्ला अस्पताल स्याङ्जालाई युनिभर्सल एनएस थेसिया विथ भेन्टिलेटर मेसिन हस्तान्तरण गरिएको छ। तस्वीर : हिमलाल पराजुली

# विश्वबैंकको १२ अर्व सहायता

**कोभिड महामारी रोकथाम, उपचार तथा नियन्त्रणका लागि विश्व बैंकले १० करोड डलर अर्थात् १२ अर्ब आर्थिक सहायता दिने भएको छ।**

**काठमाडौं/रासस**– विश्व बैंकले नेपालको ऊर्जा विकाससँगै कोभिड-१९ को सङ्कट व्यवस्थापनका लागि १० करोड डलर बराबरको आर्थिक सहायता दिने भएको छ। अर्थ मन्त्रालयमा बुधबार विश्व बैंकसँग विकास नीति ऋण सहयोगसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। अर्थ सचिव शिशिरकुमार ढुङ्गाना र विश्व बैंकका नेपालस्थित देशीय निर्देशक फारिस हदाद जार्भोसले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरे।

यो ऊर्जा क्षेत्रसँग सम्बन्धित दोस्रो सम्झौता हो। ऊर्जा क्षेत्रको वित्तीय अवस्थामा सुधार ल्याउन र कोभिड-१९ सङ्कटसँग जुध्न सघाउने उद्देश्यले सहयोग गरिएको विश्व बैंकले जनाएको छ। सहयोग रकम नेपालको ऊर्जा क्षेत्रको सम्भाव्यतालाई पहिल्याउन नीतिगत र संस्थागत सुधारमा खर्च गरिने सम्झौतापत्रमा उल्लेख छ।

यो सहयोगअन्तर्गत नेपाल विद्युत् प्राधिकरणलाई वित्तीयरुपमा सबल बनाउने, स्वायत्त, पारदर्शी र जवाफदेही नियमनकारी निकाय खडा गर्ने, ऊर्जाको क्षेत्रीय बजारमा हिस्सा अभिवृद्धि गर्ने र सङ्घीय ढाँचाअनुरुप प्राधिकरणको प्रादेशिक र स्थानीय तहमा संरचना खडा गर्ने काम हुनेछ।

हालैका वर्षमा देशव्यापी विद्युत् कटौतीको स्थितिलाई अन्त्य गर्दै नेपालको ऊर्जा क्षेत्रले विद्युत् उत्पादनमा अभिवृद्धि, चुहावट नियन्त्रण र अन्तरदेशीय प्रसारण लाइन विस्तारमा उल्लेख्य उपलब्धि हासिल गरेको छ। अहिले नेपालमा कूल जनसंख्याको ८८ प्रतिशत जनतामा विद्युत् पुग्न सकेको छ।

उक्त समारोहमा सचिव ढुङ्गानाले नेपालको बाँकी पृष्ठ २ मा

## संख्या सय प्रकरण
# कति निर्दयी ? कति निर्लज्ज ?? कति पराकाष्ठा ???

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असार

*बिन्ती डिठ्ठा विचारीसित म कति गरूा चुप् रहन्छन् नबोली।*
*बोल्छन् ता ख्याल् गर्या झैं अनि पछि दिनदिन् भन्दछन् भोलि भोलि।*
*कि ता सक्तीन भन्नू कि तब छिनिदिनू क्यान भन्छन् यि भोलि।*
*भोलि भोलि हार्दैमा सब घर बितिगो बक्सियोस् आज झोली।*

नेपाली भाषा साहित्यका आदिकवि भानुभक्त आचार्यको २ सय ६ औं जन्मजयन्ती आउन अझै १९ दिन बाँकी छ। प्रत्येक वर्ष असार २९ गते आदिकवि भानुभक्तका यस्तै मर्म स्पर्शी कविता वाचान गरेर भानुजयन्ती मनाइन्छ।

अध्यात्म रामायणको भावानुवाद गरी नेपाली समाजमा मौलिक नेपाली भाषा, साहित्य, धर्म, दर्शन र राष्ट्रियताको विजारोपण गरेका आदिकवि भानुभक्तको योगदानको चर्चा मुलुकको साहित्य क्षेत्रले केही दिनपछि नै गर्ने छ। तर साहित्य र कलाकाबारेमा त्यतिधेरै ध्यान नदिने मुलुकका वैदेशिक रोजगार व्यवसायीहरुले भने यसपटक आदिकवि भानुभक्तको यो कविता वाचन गर्न थालेको महिनौं भएको छ। तर अझै कतिदिन यो कविता वाचान गर्नुपर्ने हो, स्वयं उनीहरुले थाहा पाउन सकेका छैनन्।

प्रसंग हो, वैदेशिक रोजगार व्यवसायीको ईजाजतपत्र नवीकरणका लागि वैदेशिक रोजगार ऐन र नियमावलीमा अनिवार्य गरिएको संख्या सय समस्याको। केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ साल फागुन १९ गते जारी भएपछि वैदेशिक रोजगार व्यवसायीहरु संख्या सयको विषयलाई लिएर तनावमा रहेका थिए। २०७६ साल भदौ १ गते वैदेशिक रोजगार (पाँचौ संशोधन) नियमावली २०७६ जारी भएपछि लामो समय मलेसियाको रोजगारी बन्दको मार खेपेका मलेसिया केन्द्रित व्यवसायीलाई संख्या सयको यो विषयले थप तनाव दियो।

कोरोना भाइरस (कोभिड-१९) संक्रमण बढेपछि अन्य क्षेत्रलाई झैं वैदेशिक रोजगार व्यवसायीहरुलाई पनि राहत प्रदान गर्न गत चैत १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो।

तर व्यवसायीहरुको ईजाजतपत्र नवीकरण गर्ने नियमित म्याद २० दिनमात्र बाँकी रहँदासमेत मन्त्रिपरिषद्को उक्त निर्णय कार्यान्वयन हुने तहमा आइपुगको छैन। उनीहरु बेरोजगार नेपाली युवाहरुलाई रोजगारीको प्रवन्ध गरिदिने व्यवसायी मात्र होइनन्, राज्यलाई कर तिर्ने करदाता पनि हुन्। तर उनीहरुलाई राहत दिन मन्त्रिपरिषद्बाट भएको निर्णय करिब ३ महिनासम्म पनि कार्यान्वयनको तहमा नजाँदा अधिकांश व्यवसायीहरुले आदिकवि भानुभक्तको माथि उल्लेखित कविता दैनिक स्मरण गरिरहेको बताउँछन्।

मुलुकका दुई बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विभागको प्राथमिकता उजुरी तिरै

**काठमाडौं/मस**– वैदेशिक रोजगार विभागले कार्यालय सञ्चालन गरेसँगै वैदेशिक रोजगारसँग सम्बन्धित गुनासो उजुरी सुन्ने प्रक्रियालाई उच्च महत्व दिएको छ। कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण झण्डै तीन महिना बन्द रहेको विभागले सरकारी कार्यालय खोल्ने सरकारको निर्णयपछि गत असार एक गतेदेखि कार्यालय सञ्चालन गरेर नियमित सेवा दिइरहेको छ।

विभागले म्यानपावर कम्पनीको ईजाजतपत्र नवीरकरण, सीपमुलक तालीम प्रदायक संस्था, घरेलु कामदारलाई तालिम दिने संस्था र केयर गिभर सम्बन्धी तालिम दिने र पठाउने संस्थाहरुको नवीकरण शुरु गरेको छ।

साथसाथै विभागले वैदेशिक रोजगारसँग सम्बन्धित उजुरी, गुनासोलगायतका केही कुरा बुझ्न आवश्यक भए शुल्क नलाग्ने एउटा विभागको ल्याण्ड लाईन र दुईओटा मोबाईल नम्बरहरु सार्वजनिक गरेको छ। उजुरी वा गुनासो सम्बन्धमा केही कुरा बुझ्न आवश्यक परेकाहरुले विभागको टोल फ्रि. नं १६६००१०९९९९/०१४७८२६२१ र मोबाईल नम्वर ९८४६१५८२५२७ (संगिता थापा) र ९८१८४७६३६९ (सुशिला राना) टेलिफोनमा सम्पर्क गरेर जानकारी लिन सक्ने बताएको छ।

## अमेरिकी राष्ट्रपतिको कडा आदेश
# डिभी ग्रीनकार्ड बन्द

**गणेश थापा/ मध्यान्ह**
क्यालिफोर्निया, अमेरिका।

संयुक्त राज्य अमेरिकामा आप्रबासी सम्बन्धी व्यवस्थामा ठूलो परिवर्तन गरिएको छ। अबको यो नयाँ व्यवस्थाले डिभी परेर अमेरिका आउने तयारीमा रहेका तथा पारिवारिक एवम् रोजगारीमा आधारित ग्रीनकार्ड प्राप्त गर्ने लाइनमा बसेकाहरू नराम्ररी प्रभावित हुनेछन्। योसँगै अमेरिकामा बस्नको लागि शरण माग गर्नसक्ने नीति (एसाइलम सिस्टम) मा समेत गरिएको व्यापक परिवर्तनले आगामी दिनहरू आप्रबासीका लागि थप चुनौतीपूर्ण बन्नसक्ने अमेरिकी कानुनका ज्ञताहरूले उल्लेख गरेका छन्।



(बिस्तृत समाचार पृष्ठ ३ मा)

### द्वन्द्वकालिन घटनाबारे समितिमा छलफल
# 'समयमै व्यवस्थापन गर्न नसके देश संकटमा'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असार




समयमै द्वन्द्वकालिन घटनाहरुको व्यवस्थापन गर्न नसके देश ठूलो संकटमा पर्ने विज्ञहरुले चेतावनी दिएका छन् । संसदको महिला तथा सामाजिक समितिमा विज्ञहरुले संयुक्त राष्ट्रसंघले सम्पूर्ण गतिविधिहरु नजिकबाट नियालिरहेको उल्लेख गर्दै द्वन्द्वकालिन घटनाहरुको व्यवस्थापन समयमै गर्नुपर्ने बताएका हुन् ।

द्वन्द्वकालिन समयमा विभिन्न क्षेत्रका नेतृत्वकर्ताको गोप्य सूची संयुक्त राष्ट्रसंघले तयार गरेकोले तत्काल संक्रमणकालिन न्यायलाई टुंगोमा पुऱ्याउन नसके देश संकटमा पर्ने सत्य निरुपण तथा मेलमिलाप आयोगका पूर्व अध्यक्ष डा. सूर्य किरण गुरुङले बताए । सुरक्षा निकायका प्रमुख, निजामति सेवाका उच्च पदस्थ अधिकारी तथा द्वन्द्वकालिन समयका राजनीतिक नेताहरु लगायत ९ हजारको सूची संयुक्त राष्ट्रसंघले गोप्यरुपमा तयार पारेको उल्लेख गर्दै उनले समयमै संक्रमणकालिन न्यायलाई टुंगो लगाउन नसकिए देशमा संकट आउने बताए ।

संक्रमणकालिन न्यायलाई राज्यले फैजदारी कानूनका आधारमा अगाडि बढाउनु उपयुक्त नहुने उनले बताए । सही द्वन्द्व पीडित पहिचान गरी राज्यले आवश्यक सेवा सुविधा प्रदान गरी समस्या समाधानका लागि अगाडि बढ्नुपर्ने बताए । जघन्य अपराधबाहेक अन्य घटनाहरु मेलमिलाप र क्षमादानका आधारमा अगाडि बढाउन सकिने उनले बताए ।

लैङ्गिक समानता तथा सामाजिक समावेशी विज्ञ पिङ्की सिंह राणाले परिवर्तनका लागि हजारौंले बलिदान दिएपनि अझै परिवर्तनको महशुस जनताले गर्न नपाएको बताए । ग्रामिण क्षेत्रमा जनताले परिवर्तनको महशुस गर्न नसक्दा पुनः द्वन्द्व उत्पन्न हुने चिन्ता उनले व्यक्त गरे । पछिल्लो चरणका गतिविधिहरुले देशलाई पुरानै अवस्थामा पुऱ्याउन सक्ने संकेत देखिएको उल्लेख गर्दै उनले अन्तरक्रियात्मक कार्यक्रम, मनोपरामर्शका कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको बताए ।

समिति बैठकमा सांसद नारायण खतिवडाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले खाटो बसेको घाउलाई निको बनाउनुको सट्टा उप्काउने काम गरिरहेको बताए । शान्ति प्रक्रियामा द्वन्द्व व्यवस्थापनका लागि कसरी अगाडि बढ्ने भन्ने कुराहरु अहिलेसम्म विज्ञहरुबाट आउन नसकेको उनले बताए ।

अर्का सांसद हिरा गुरुङले जुनसुकै व्यक्ति भएपनि द्वन्द्वकालिन घटनाका दोषिहरुलाई कारवाही हुनुपर्ने बताए । राज्यले अझै पीडितहरुलाई उचित राहत दिन नसकेको उल्लेख गर्दै उनले हरेक क्षेत्रमा सेवा सुविधा र राहत दिनेगरी व्यवस्था गर्नुपर्ने बताए । शान्ति प्रक्रियाको लामो समय बितिसक्दा समेत द्वन्द्वकालिन घटनाहरु अझै व्यवस्थापन हुन सकेका छैनन् ।

# नागरिकता विधेयकको विरोधमा
## जसपाद्वारा आन्दोलन घोषणा

काठमाडौं/मस- नागरिकता विधेयकको विरोधमा जनता समाजवादी पार्टीले आन्दोलन घोषणा गरेको छ । बुधबार बसेको समाजवादीको बैठकले असार १६ गते सबै जिल्ला सदरमुकाममा विरोध प्रदर्शन गर्ने लगायतका आन्दोलनका कार्यक्रम घोषणा गरेको हो । असार १६ गते जिल्ला सदरमुकाम र मुख्य सहरहरूमा विरोध प्रदर्शन र सभा आयोजना गर्न लागिएको जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले बुधबार विज्ञप्ति जारी गरेर जनाएका छन् ।



जनता समाजवादी पार्टीले नेपाली नागरिकसँग विवाह गरेका विदेशी नागरिकले आफ्नो मुलुकको नागरिकता त्यागेको प्रमाणको आधारमा अंगीकृत नागरिकता दिनुपर्ने माग गरेको छ ।वैवाहिक अंगीकृतलाई सात वर्षपछि मात्रै नागरिकता विधयेकको व्यवस्था सच्चाउनुपर्ने समाजवादीको माग छ । वैवाहिक अंगीकृत नागरिकतामा महिला र पुरूषका विदेशी दम्पत्तिबीच विभेद हुन नहुने जनता समाजवादीले बताएको छ ।

'संविधानको मूल्य मान्यता र मर्म तथा प्राकृतिक न्यायको सिद्धान्त विपरीत रहेकव् संशोधन प्रस्तावले महिला अधिकारको हनन हुनुका साथै नेपाल पक्ष राष्ट्र रहेको सबै प्रकारका भेदभाव उन्मुलुनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पनि विरुद्धमा रहेका छन्,' विज्ञप्तिमा भनिएको छ । संसदको राज्य व्यवस्था तथा सुशासन समितिबाट बहुमतका आधारमा पास भएको नागरिकता विधेयक अहिले प्रतिनिधिसभामा विचाराधिन अवस्थामा छ ।

# नेविसंघले जलायो त्रिवि उपकुलपतिको कुर्सी

काठमाडौं/मस- नेपाली कांग्रेसको भातृ संस्था नेपाल विद्यार्थी संघले त्रिभुवन विश्वविद्यालयका उपकुलपति धर्मकान्त बास्कोटाको कुर्सी जलाइदिएका छन् । आज दिउँसो त्रिवि उपकुलपति कार्यालय पुगेका नेविसंघ कार्यकर्ताले उपकुलपतिको कुर्सी जलाएका हुन् ।



विश्वविद्यालयले विभिन्न पदमा नियुक्ति गर्दा सत्तारूढ नेकपाका कार्यकर्तालाई भर्ती गरेको भन्दै नेबिसंघले विरोध जनाएको हो । मागहरु बैधानिक रुपमा राख्ने प्रयास गर्दा अस्वीकार गरेपछि कुसी कार्यकक्ष बाहिर ल्याएर जलाइएको नेविसंघले जनाएको छ ।

नेविसंघले रजिष्ट्रार, रेक्टरको कार्यकक्षमा समेत तालाबन्दी गरेका छन् । नेबिसंघले दिनअघि अनलाइन कक्षा प्रभावकारी बनाउन, इन्टर नेटमा सहुलियत दिन र राजनीतिक भागबण्डाको आधारमा नियुक्ति नगर्न त्रिबिको ध्यानाकर्षण गराएको थियो ।

प्रधानमन्त्रीको दवावमा उपकुलपति बाँस्कोटाले चिकित्साशास्त्र अध्ययन संस्थान आईओएममा डा. दिव्यासिंह शाहलाई डिन नियुक्त गरेको भन्दै विरोध गर्दै आएको थियो ।

# नगरपालिकाको डोजरमा व्यक्तिको रजाइँ

डोल्पा/रासस- डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाको डोजरमा व्यक्तिको रजाइँ भएको पाइएको छ । जारी आव सकिनै लाग्दा नगरपालिकालाई डोजर प्रयोगको लाखौं उधारो रकम उठाउन हम्मेहम्मे भएको छ ।


नगरपालिकाको विकासका लागि करिब रु एक करोड मूल्यमा खरिद गरिएको डोजर विभिन्न निकायमा आबद्ध व्यक्ति तथा संस्थाहरुले निजी तथा सार्वजानिक प्रयोजनका लागि प्रयोग गरेर रकम नतिरेको पाइएको हो । नगरको डोजर धेरैजसोले व्यक्तिगत कामका लागि प्रयोग गरेका छन् । तुइनमा गाडी तार्नेदेखि भवनको जग खन्ने, व्यक्तिगत कुलो खन्नेलगायतका काममा प्रयोग गरिएको छ । जारी आवमा मात्रै डोजर प्रयोगवापतको रु ४४ लाख ७२ हजार रकम उठाउन बाँकी रहेको नगरपालिकाले जनाएको छ ।

केही दिनअघि मात्रै नगर उपप्रमुख चन्द्राकुमारी बोहोराको संयोजकत्वमा बसेको नगर राजश्व परामर्श समितिको बैठकमा डोजरको उठ्न बाँकी रकमका बारेमा बृहत् छलफल भएको थियो । उठ्न बाँकी रकमको विषयलाई लिएर सरोकारवाला पक्षले तीव्र आलोचना गरेका छन् । आगामी नगरसभामा डोजर प्रयोग गरेर रकम नतिरेका सबैको नाम सार्वजानिक गरिने नगर उपप्रमुख बोहोराले बताए ।

नगरसभामा नाम सार्वजानिक गर्नुअघि डोजरका कर्मचारी खटाएर रकम उठाउन लगाउने र नउठे नाम सार्वजानिक गर्ने उहाँको भनाइ छ । डोजरका लागि मात्रै नगरपालिकाले तीन कर्मचारी नियुक्ति गरेको छ ।

'नगरको डोजरको लाखौं उधारो छ, त्यही रकम उठाएर तलबभत्ता खुवाउनुपर्ने हो तर उधारो रकम नउठाएरै कर्मचारी पालिरहेको छ,' राजवश्व परामर्श समितिका सदस्य पूर्णकेशर न्यौपानेले बताए ।

### पशुपतिनाथको मूल मन्दिर क्षेत्रमा मर्मतसम्भार जारी
# भक्तजन प्रवेश गराउन विशेष तयारी



काठमाडौं/मस- कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले बन्दाबन्दी लागू गरिएपछि बन्द गरिएको पशुपतिनाथको मूल मन्दिर क्षेत्रभित्र मर्मतसम्भार शुरु गरिएको छ ।

मूल मन्दिरभित्र छापिएको ढुङ्गा हल्लिएकाले खाली भएका बेला निकालेर मर्मतसम्भार शुरु गरिएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले जानकारी दिए । हल्लिएका ढुङ्गा निकालेर पुटिङ भर्ने काम भइरहेको छ ।

मूल मन्दिरभित्रको चन्दन घोट्ने घर जीर्ण भएकाले भत्काइएको छ । चन्दन घोट्न र भण्डारी सुत्नका लागि महेन्द्र सहारा सत्तल प्रयोगमा ल्याइएको पनि उनले बताए । चन्दन घोट्ने घरसँगैको भान्छा घर गत वर्ष नै भत्काएर पुनःनिर्माण भइरहेको छ । यी संरचना विसं २०७२ वैशाख १२ गतेको भूकम्पले जीर्ण भएका थिए ।

भूकम्पले क्षति पुगेका पशुपतिका ९० वटा संरचनामध्ये ४२ वटाको पुनःनिर्माण सम्पन्न भएको कोषका निर्देशक भरत मरासिनीले जानकारी दिए । भूकम्पपछि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले काम शुरु गरेको पाँच वर्षमा पुरातात्विक महत्वका सबै संरचना बनाइसक्ने प्रतिबद्धता गरे पनि पशुपति क्षेत्रका ६० वटासम्मको पुनःनिर्माण सकिने भएको कोषले जनाएको छ ।

हाल १४ वटा संरचना पुनःनिर्माणका लागि खरिद प्रक्रियामा रहेको छ । बन्दाबन्दीपछि जयवागेश्वरी मन्दिरको पुनःनिर्माण शुरु भएको छ । प्राधिकरणको कार्यकाल आगामी माघ दोस्रो साता सकिँदैछ । यसैगरी मृगस्थली क्षेत्रका १० शिवालय पनि पुनःनिर्माणका क्रममा छन् । विश्वरुप मन्दिर पुनःनिर्माणका लागि विस्तृत परियोजना प्रस्ताव निर्माण सम्पन्न गरी आगामी आर्थिक वर्षदेखि काम शुरु गर्ने तयारी भएको छ । यसका लागि पुरातत्व विभागको सहमति लिने प्रक्रिया अघि बढेको जनाइएको छ ।

पशुपतिमा भक्तजन प्रवेश गराउन विशेष तयारी शुरु

पशुपतिनाथ मूल मन्दिरमा बन्दाबन्दी शुरु भएदेखि नै भक्तजनलाई प्रवेशमा रोक लगाइएको छ । असार १ गतेदेखि बन्दाबन्दीलाई खुकुलो बनाइए पनि मठमन्दिर, शैक्षिक संस्था र सार्वजनिक यातायात भने खोलिएको छैन । सरकारले मठ मन्दिरलाई खुला गरेपछि भक्तजनलाई सुरक्षित तरिकाले दर्शन गराएर फर्काउनका लागि कार्यविधि बनाएर तयारी थालिएको पनि कार्यकारी निर्देशक खतिवडाले जानकारी गराए ।

भक्तजनलाई सरकारले तोकेअनुसारको दूरीमा राख्ने, पर्याप्तमात्रामा स्वयंसेवक खटाउने, चन्दन पातमा राखेर दिने निधारमा नलगाइदिनेलगायत व्यवस्था गर्न लागिएको कोषले जनाएको छ । आगामी असार २१ गतेदेखि मठ मन्दिर एवं सार्वजनिक यातायात दूरी कायम गरेर सेवा सञ्चालन गर्ने गरी खुला हुनसक्ने भएकाले त्यसैअनुसार तयारी गरिएको छ ।

असार १ गतेदेखि पशुपति क्षेत्रको सरसफाइका लागि सफाइकर्मीलाई विशेषरुपमा परिचालनसमेत गरिएको छ । चैत ११ गतेदेखि जारी बन्दाबन्दीका क्रममा पशुपति क्षेत्रको सबैतिर सफाइ हुन नसकेको गुनासो स्थानीयवासीबाट आएको थियो ।

# अमेरिकाद्वारा सेनालाई
## स्वास्थ्य सामग्री हस्तान्तरण



काठमाडौं/मस- अमेरिकाले नेपाली सेनालाई कोरोना भाइरस महामारीको रोकथाम, प्रतिकार्य र नियन्त्रणका लागि आज साढे चार लाख डलर बराबरको स्वास्थ्य सामग्री प्रदान गरेको छ । सैनिक मुख्यालय जंगी अड्डा पुगेर अमेरिकी राजदूत रेन्डी बेरीले प्रधान सेनापति पूर्णचन्द्र थापालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन् ।

कोरोना भाइरस महामारी रोकथाम, प्रतिकार्य र नियन्त्रणका लागि 'राष्ट्रिय अभियान योजना २०७७' को सफल कार्यान्वयनका लागि अमेरिकाले चार लाख ५० हजार अमेरिकी डलर मूल्य बराबरको स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो । स्वास्थ्य सामग्री बुझ्दै सेनापति थापाले अमेरिकी सहयोगप्रति धन्यवाद दिएका छन् ।

### मनकारी कमल
# जन्म दिनमा बालगृहका बालबालिकाहरुलाई सयोग



**राजन बस्नेत/मध्यान्ह**
दोलखा, १० असार

रामेछापको मन्थली नगरपालिका १३ फुलासी स्थायी घर भई दोलखाको सदरमुकाम चरिकोटमा बस्दै आएका व्यापारी कमल चौहानले आफ्नो जन्मदिनको अवसर पारी बालबालिकाहरुलाई सहयोग गरेका छन् । जिल्लाका सफल युवा व्यवसायी कमल चौहानले दोलखाको भीमेश्वर नगरपालिका वडा नं ५ स्थित गौरीशंकर बालगृहका बालबालिकाहरुलाई खाद्यान्न सामाग्री सहयोग गरेका हुन् ।

चौहानले बालगृहमा रहेका ३१ जना बालबालिकाहरुलाई चाउचाउ, बिस्कुट, जुस लगायतका खाद्यान्न सामग्रीका साथै भलिबल, फुटबल लगायतका खेलकुद सामग्री समेत हस्तान्तरण गरेका छन् । व्यापारी चौहान विगत २ दशकदेखि दोलखामा व्यापार व्यवसाय संचालन गर्दै आइरहेका छन् ।

गत वर्ष दोलखाको पत्रकार महासंघको भवन निमार्णका लागि समेत सहयोग गरेका चौहानले यस वर्ष गौरिशंकर बालगृहका बालबालिकालाई करिब ३० हजार बराबरको खाद्यान्न र खेलकुद सामग्री, जिल्ला ट्राफिक कार्यालयमा कार्यरत प्रहरीहरुलाई मास्कको व्यवस्था र तामाकोशी गाउँपालिका १ भिरकोटका क्यान्सर पीडित रामजी काफ्लेलाई नगद २० हजार सहयोग समेत गरेका थिए ।

### तिक्ततापूर्ण ....

भूगोल समेटेर नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संविधानको अंग बनाइएपछि भने असन्तुष्टि केही मत्थर भएको देखिएको छ । प्रधानमन्त्री ओलीले यही अवसर पारेर स्थायी कमिटी बोलाउन तयार भएका थिए ।

बहुमतको खेल भयो: प्रधानमन्त्री

प्रधानमन्त्री एवम् अध्यक्ष ओलीले उद्घाटन मन्तव्य राख्दै पार्टीभित्र बहुमतको खेल शुरु भएको बताए । प्रधानमन्त्री ओलीले गुटबन्दी र बहुमतको खेलकै कारण झण्डै पार्टी विभाजनको संघारमा पुगेको बताए । प्रधानमन्त्री ओलीले भने, "अघिल्लो सचिवालय बैठक अगाडि झण्डै पार्टी विभाजनको संघारमा पुगेको थियो । पार्टीमा अहिले पनि गुटबन्दी र बहुमतको खेल छ । यस्तो अनुशासनहीन काम किन हुन्छ ?"

अर्का अध्यक्ष प्रचण्डले पार्टी अहिलेकै भद्रगोल अवस्थामा रहे बिघटन हुनसक्ने चेतावनी दिएका छन् । "पार्टी एकता गरेर गल्ती त भएको थिएन भन्ने सोचाइ आउन थाल्ने अवस्था उत्पन्न भएको छ", प्रचण्डले भने, "पार्टी एकता गर्ने बेलामा कुनै मोर्चा बनाएर जाने कि भनेर समेत मलाई सुझाव आएको थियो । अहिले मलाई त्यही गरेको भए हुन्थ्यो भन्ने लाग्न थालेको छ ।"

### भीभीआईपीलाई...

उक्त निमन्त्रणाको विषय लिएर स्थायी कमिटीमा प्रष्टिकरणकै अवस्था सिर्जना गरिएको थियो ।

बुधबार साँझको भोजलाई कतिपयले नागरिकता विधेयक र एमसीसीसँग जोडेर समेत हेरको छन् । केही दिन अगाडि मात्रै नेपाली पुरुषसँग विवाह गरी आउने विदेशी महिलाले सात वर्ष पछाडि मात्रै अंगीकृत नागरिकता पाउने व्यवस्था सहित राज्य व्यवस्था तथा सुशासन समितिको बहुमतबाट निर्णय भएको छ । यो विधेयकलाई लिएर विपक्षी दलहरुले कडा असहमति जनाएका छन् भने तराईका जिल्लाहरुमा विरोध प्रदर्शन नै भइरहेको छ ।

### विश्वबैंकको ....

सामाजिक, आर्थिक विकासमा सहयोग गरेकोमा विश्व बैंकलाई धन्यवाद दिँदै यसले ऊर्जा क्षमताको समुचित विकास गरी विद्युत् सुविधाको पहुँच वृद्धिका लागि महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

उनले कोभिड-१९ को महामारीको सङ्कटपूर्ण अवस्थामा उपलब्ध भएको सहयोगले ऊर्जा क्षेत्रमा परेको असर कम गर्न र विद्युतीय सुशासन कायम गर्न फलदायी हुने उल्लेख गरे । विश्व बैंकका देशीय निर्देशक जार्भोसले कोभिड-१९ सङ्कटका बेलामा र त्यसपछि पनि ऊर्जा क्षेत्रको विकासका लागि विश्व बैंकले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपालको ऊर्जा क्षेत्रलाई भरपर्दो र दिगो बनाउने तथा गरिबी निवारण र मुलुकको समृद्धिमा समेत सघाउ पुग्ने विश्वास व्यक्त गरे । उनले नेपालसँगको ५०औँ वर्षसम्मको सम्बन्धलाई निरन्तरता दिँदै सहयोग गर्न पाएकामा खुशी व्यक्त गरे । कोभिड-१९ का समयमा दीर्घकालीन योजना सम्पन्न गर्न पनि सघाउने उनले आशा व्यक्त गरे ।

### संख्या...

तिहाई मत निकटको कम्युनिष्ट सरकार छ । बलियो सरकारले गरेका निर्णय तत्काल कार्यान्वयनमा जाने धेरैको विश्लेषण थियो । तर निर्णय कार्यान्वयनमा नजानुमा कतिपयले मुलुकको स्थायी सरकारका रुपमा लिइने कर्मचारीतन्त्रको अकमर्ण्यता र उदासिनताको निन्दनीय पराकाष्टाका रुपमा टिप्पणी गरिरहेका छन् ।

आदिकवि भानुभक्तले 'भोलि भोलि हुँदैमा सब घर बितिगो' भने झैं लामो समय गुज्रँदासमेत ईजाजतपत्र नवीकरणको स्पष्ट निर्णय वा कार्यादेश नआउँदा व्यवसायीहरु पनि सब घर बितिगएको अवस्थामा पुगको एक व्यवसायी बताउँछन् । उनी भन्छन्, 'हामीले चैत १६ गतेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार राहत पाइएला भनेर पर्खिरहेका छौं तर उक्त निर्णय अनुसार राहत नपाउने हो भने हामी संस्था मर्जर गर्ने वा खारेज गर्ने प्रक्रियामा जाने थियौं, तर सरकारको ढिलाईले त्यो सम्भावनाबाटसमेत बञ्चित हुने अवस्था आयो ।'

वैदेशिक रोजगार ऐनको प्रावधान अनुसार असार मसान्त ईजाजतप्राप्त संस्थाको नवीकरण गर्ने नियमित समय हो । उनीहरुले प्रतिमहिना दश हजार जरिवाना तिरेर असोज मसान्तसम्म नवीकरण गर्न पाउँछन् । तर निरन्तरको लकडाउनका कारण कार्यालय सञ्चालन गर्न र कर्मचारी, कामदारलाई तलव दिन समेत नपाएका व्यवसायीहरु भन्छन्, 'एक-एक रुपैयाँको महत्व भएको अहिलेको अवस्थामा थप शुल्क तिर्ने अवस्थामा पुऱ्याउनु पनि थप पीडादायी छ ।

संख्या सयको समस्या समाधानका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित वर्तमान सरकार निकट मानिने वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपाल, मञ्चका पूर्व अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको अध्यक्षतामा गठन भई हाल विघटन भइसकेको संख्या सय समाधान समित र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले निरन्तररुपमा संस्था नवीकरणका लागि संख्या सयको बाध्यता हटाई राहत दिन माग गरेका थिए ।

तर असारको पहिलो दश दिन गुज्रिन लाग्दासमेत समस्या समाधान भएको छैन । यद्यपि मञ्चद्वारा गठित तत्कालीन संख्या सय समाधान समितिको संयोजकको रुपमा काम गरेका पाण्डे भन्छन्, '९९.९ प्रतिशत काम भएको छ, दशमलव एक प्रतिशत काम मात्र बाँकी छ, भण्डै खारेज हुनुपर्ने अवस्थामा पुगेका ५ सय १३ वटा वैदेशिक रोजगार कम्पनीमा सजाइएका साइनबोर्ड फुकाल्नु नपर्ने दृढ आशा मरेको छैन । समस्याको समाधान हुन्छ ।'


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०३/११

यस कम्पनीको मिति २०७४/०२/२३ मा सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सुमन ह्युमन रिसोर्सज कन्सल्ट्याण्टस् नेपाल प्रा.लि. (प्रा.लि.नं. ५८२४४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०७/०१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्वीफ्ट एच.आर.ग्रुप एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**श्री माध्यमिक विद्यालय, सिर्थौली**
**दुधौली नगरपालिका-५, सिन्धुली**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०३/११

यस विद्यालयलाई ICT Lab निर्माण गर्नको लागि तपशिल बमोजिमको सामग्रीहरु खरिद गर्नलाई इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७७/०३/२५ गते दिउसो १२ बजे भित्र) आफ्नो फर्म दर्ता र कर चुक्तासहितको प्रमाण पत्र साथ शिलबन्दी कोटेशन पेश गर्नु हुन तथा विस्तृत स्पेसिफिकेसनको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सामानको विवरण**:

| S.N. | Particulars | Quantity |
|---|---|---|
| 1. | Desktop Computer | 8 Pcs |
| 2. | Laptop | 1 Pc |
| 3. | Projector | 1 Pc |
| 4. | Smart Board | 1 Pc |
| 5. | Printer (B/W) | 1 Pc |
| 6. | Multimedia Speaker | 2 Pcs |

**थप जानकारीको लागि**: श्री माध्यमिक विद्यालय, सिर्थौली, दुधौली नपा-५, सिन्धुली, सम्पर्क नं ९८०८५३२३९२

## ट्रम्पको कडा आदेश

# डिभी, ग्रीनकार्ड लगायत सबै बन्द

### कोरोना संक्रमितको संख्या स्थिर, मृत्युदर भने घट्दै

**गणेश थापा/मध्यान्ह**
क्यालिफोर्निया, १० असार

संयुक्त राज्य अमेरिकामा आप्रवासी सम्बन्धि व्यवस्थामा ठूलो परिवर्तन गरिएको छ । अबको यो नयाँ व्यवस्थाले डिभी परेर अमेरिका आउने तयारीमा रहेका तथा पारिवारिक एवम् रोजगारीमा आधारित ग्रीनकार्ड प्राप्त गर्ने लाइनमा बसेकाहरू नराम्ररी प्रभावित हुनेछन् । योसँगै अमेरिकामा बस्नको लागि शरण माग गर्नसक्ने नीति (एसाइलम सिस्टम) मा समेत गरिएको व्यापक परिवर्तनले आगामी दिनहरू आप्रवासीका लागि थप चुनौतीपूर्ण बन्नसक्ने अमेरिकी कानुनका ज्ञताहरूले उल्लेख गरेका छन् ।

नयाँ नीतिअनुसार अमेरिका प्रवेश गरेर यहाँ आधिकारिक रूपमा बस्नका लागि शरण माग गर्दै पेश गरिएका एसाइलम आवेदनलाई सिधै खारेज गर्नसक्नेदेखि कानुनसंगत ढंगले काम गर्नका लागि आवश्यक पर्ने वर्कपरमिटसमेत नदिनेसम्मका कडा व्यवस्थासहित अमेरिकन सिटिजन् तथा अध्यागमन सेवा (युएससिआइएस) सम्बन्धि यसअघि अपनाउदै आइएका कयौं नीति तथा व्यवस्थामा फेरबदल गरिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस सम्बन्धि जारी गरेका कार्यकारी आदेशलाई बुधबारबाट कार्यान्वयनको तहमा लगिएको छ । अबको नयाँ नीतिका कारण जुनसुकै माध्यमबाट अमेरिका प्रवेश गर्ने प्रयासमा रहेका मात्रै नभएर अमेरिकाभित्रै बसोबास गरिरहेका आप्रबासीहरूलाईसमेत कानुनी हैसियत प्राप्त गर्न निकै जटिल हुने क्यालिफोर्नियास्थित एक अमेरिकन कानुन व्यावसायीले बताए ।



यस किसिमको व्यवस्थाबाट थुप्रै नेपालीहरूसमेत प्रभावित हुने अवस्था सिर्जना भएको अधिवक्ताको रूपमा काम गरिरहेका यहाँका नेपाली कानुन व्यावसायीहरूकोसमेत धारणा रहेको छ । अमेरिकामा नेपालीहरूको संख्या एकिन नभएपनि विभिन्न माध्यबाट आएर बसोबास गर्ने नेपालीहरू झण्डै ३ लाख बढी रहेको नाम उल्लेख नगर्ने सर्तमा एनआरएनएका एक सदस्यले बताए ।


यता विश्वव्यापीरूपमा फैलिएको नोवेल कोरोना भाइरसको सक्रमणका कारण संयुक्त राज्य अमेरिकामा संसारकै सवैभन्दा धेरै मानिसको मृत्यु भएको छ । कोभिड( १९ सम्बन्धि आधिकारिक रूपमा तथ्यांक सार्वजनिक गर्दैआएको न्युजब्रेकका अनुसार अहिलेसम्म अमेरिकामा मर्नेको संख्या १ लाख २३ हजार नाघेको छ। गत जनवरीमा पहिलो चोटी कोरोना भाइरसको संक्रमण देखिएयता अमेरिकामा हालसम्म २४ लाख बढी मानिसमा संक्रमण देखिएको छ । ७ लाख बढी कोरोना संक्रमित विरामीहरू ठिक भइसकेका छन् । अहिलेसम्म अमेरिकामा करीव ३ करोड मानिसको कोभिड-१९ सम्बन्धि स्वास्थ्य परीक्षण गरिएको बताइएको छ ।

कोरोना भाइरसको सक्रमणबाट अमेरिकामा हालसम्म १६ जना नेपालीको मृत्यु भइसकेको छ । प्रवासमा रहेका नेपालीहरूमध्ये कोरोना प्रभावितको संख्या अमेरिकामा सवैभन्दा धेरै रहेको छ । यहा' संक्रमित नेपालीहरूको संख्या २ हजारको हाराहारीमा रहेको बताइएको छ। यसबीचमा लामो समय झापास्थित भुटानी शरणार्थी शिविर बेलडाँगीमा बसेर अमेरिका आएका नेपालीमुलका केही भुटानी नागरिककोसमेत कोरोना संक्रमणबाट मृत्यु भएको छभने थुप्रै व्यक्ति संक्रमित भएका छन् ।

यसैबीच अमेरिकामा कोरोना भाइरसको संक्रमणबाट मृत्यु हुनेको संख्यामा भने पछिल्ला दिनहरूमा केही कमी आइरहेको छ । न्युजब्रेकका अनुसार कोभिड-१९ को संक्रमणका कारण क्यालिफोर्नियाको स्थानीय समय अनुसार आज बुधवार विहान ४ बजेसम्म २४ घण्टाको अवधिमा करिब ९ सय मानिसको मृत्यु भएको छभने ३५ हजार बढी नयाँ संक्रमित फेला परेका छन्। कोरोना संक्रमणबाट मंगलबार यहाँ झण्डै ३ सयले ज्यान गुमाएका थिए । अघिल्लो दिन मृत्यु हुनेको संख्या ७ सय माथि रहेको थियो । कोरोना संक्रमितको संख्या दैनिकजसो प्रायगरेर २५/३० हजारको हाराहारीमा रहेतापनि मृतकको संख्यामा भने ह्रास आएको छ ।

यता कोरोना महामारीका कारण रोकिएका केही सरकारी कामकारवाहीहरू पुनर्सुरू भएका छनभने शैक्षिक संस्थानवाहेक आर्थिक तथा व्यापार व्यावसायलगायत अन्य सार्वजनिक क्षेत्रहरूसमेत चरणबद्ध रूपमा खुल्ला गर्दै लगिएको छ । ठूलो मात्रामा मानवीय तथा आर्थिक नोक्सानी व्यहोरिरहेको अमेरिकाको कोभिड-१९ सँगको अन्तरिक लडाई लामो समयसम्म रहने स्वास्थ्य क्षेत्रका विज्ञहरूले बताउँदै आएका छन् । ५० वटै राज्यमा फैलिएको कोभिड(१९ को नियन्त्रणको क्रममा यहाँ अहिलेसम्म मानवीय क्रियाकलाप नै ठप्प हुनेखालको कडा किसिमको लकडाउन भने गरिएको छैन ।

# मोदीले विशेष रोजगार आयोजनाको उद्घाटन गर्ने



**भारत/एजेन्सी-** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारत सरकारले शुरु गर्न लागेको विशेष रोजगार आयोजनाको यही जुन २६ मा उद्घाटन गर्ने भएका छन्। भारत सरकारले सो आयोजना कोभिड १९ पछिको अवस्थामा यहाँका कम्तीमा पनि १ करोड २५ लाख मानिसलाई रोजगारी दिने योजनाअनुरुप शुरु गर्न लागेको हो।

'विशेष रोजगार आयोजना' नाम दिइएको यस आयोजनाबाट भारतको सरकारले यहाँका महिला र पुरुषगरी १ करोड २५ लाख नागरिकलाई रोजगारी दिने बताइएको छ । यही जुन २६ मा प्रधानमन्त्री मोदीले भर्चुअल माध्यमबाटै उद्घाटन गर्न लागेको जनाइएको छ ।

यो आयोजना भारतको उत्तर प्रदेशका विशेषगरी छ ओटा जिल्लाका लागि लक्ष्य गरिएको छ । उक्त आयोजनाको उद्घाटनपछि प्रधानमन्त्री मोदीले यस आयोजनाबाट लाभ लिन लागेका ती जिल्लाका केही स्थानीय नागरिकहरुसँग पनि कुराकानी गर्ने बताइएको छ ।

गोरखपुर लगायतका छ जिल्लाका जनताले यो आयोजनाबाट रोजगारी पाउने भएका हुन् । सो आयोजनाको उद्घाटनपछि उनले ती जिल्लाका महिला र पुरुषसँग अन्तरक्रिया गर्ने बताइएको छ। यो आयोजनालाई भारतको सबैभन्दा ठूलो रोजगार आयोजनाका रुपमा लिइएको छ । यस आयोजनाको सञ्चालनबाट उत्तर प्रदेशमा विभिन्न सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिने मुख्यमन्त्री योगी आदित्यनाथले जानकारी दिए ।

तर उत्तर प्रदेशमा यति धेरै मानिसलाई रोजगारी दिने भनी भारतको सरकारले प्रचार गरेको यस कार्यक्रमप्रति भारतका विभिन्न विपक्षी राजनीतिक दलहरुले भने विश्वास गरेका छैनन् ।

## जोन्सन एन्ड जोन्सनविरुद्ध २ अर्ब डलरको जरिवाना





**वासिङ्टन/एजेन्सी-** संयुक्तराज्य अमेरिकाको एक अदालतले शरीरलाई घातक मानिएको टेलकम पाउडर बिक्री गरेको आरोपमा औषधि उत्पादक जोन्सन एन्ड जोन्सन कम्पनीविरुद्ध दुई अर्ब १० करोड डलर जरिमाना भुक्तानी गर्न आदेश दिएको छ । यद्यपि मिजौरी पुनरावेदन अदालतले जरिमानाको अंकलाई आधा घटाएर फैसला सुनाएको थियो । प्रारम्भिक मुद्दामा करिब ४ अर्ब ४० करोड जरिमाना मागदाबी गरिएको थियो।

अदालतको आदेशमा जोन्सनले जानाजान क्यान्सर रोग लगाउन सक्ने तत्व अस्वेस्टोस मिश्रित टेलकम पाउडर उपभोक्तालाई बिक्री गरेको उल्लेख छ। अदालतको आदेशमा टेलकम पाउडरको प्रयोगबाट शरीरमा क्यान्सर लागेको भन्दै जोन्सन विरुद्ध मुद्दा दायर गरिएको प्रसंग राख्दै अदालतले आदेशमा मानिसको स्वास्थ्यसँग पैसा वा जरिमानालाई दाँज्न नसकिने जनाएको छ ।

सन् २०१९ मा पनि क्यालिफोर्नियाको अदालतले एक बालिकालाई जोन्सनको टेलकम पाउडरका कारण क्यान्सर भएको भन्दै दशौं लाख अमेरिकी डलर जरिमाना तिराएको थियो । गत महिना जोन्सनले अमेरिका र क्यानडामा टाल्क मिश्रित बच्चाका लागि पाउडर उत्पादन नगरिने घोषणा गरेको थियो, तर कम्पनीले विश्वका अरु देशमा भने यसको बिक्री यथावत राख्ने जनाएको छ । तर जोन्सन एन्ड जोन्सनकी एक प्रवक्ताले मिजौरी अदालतको आदेश विरुद्ध मिजौरीको सर्वोच्च अदालतमा मुद्दा दायर गरिने बताएका छन् ।

# दक्षिण अफ्रिकामा ३५ सयभन्दा बढी स्वास्थ्यकर्मी संक्रमित




**केपटाउन/एजेन्सी-** विश्वभरी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट दक्षिण अफ्रिकामा ३५ सयभन्दा बढी स्वास्थ्यकर्मी नै सङ्क्रमित भएका छन् । देशका स्वास्थ्य मन्त्री ज्वेली एमखिजाले दिएको जानकारी अनुसार देशभरी कुल तीन हजार ५८३ जना स्वास्थ्यकर्मी सङ्क्रमित भएका छन्। तीमध्ये ३४ स्वास्थ्यकर्मीको मृत्यु भएको छ ।

'आफ्नै मृत्यु हुनेबेलासम्म पनि स्वास्थ्य सेवा गर्नु भएका र सेवा गर्ने क्रममा सङ्क्रमित भएर मृत्यु भएका सबै स्वास्थ्यकर्मीहरुको आत्माको शान्तिको कामना गर्दछु,' उनले भने । इस्टर्न केप प्रान्तको उइतेन्हामा निर्माण गरिएको तीन हजार तीन सय शैयाको पहिलो चरणको फिल्ड अस्पतालको शुभारम्भ गर्दै उनले यस्तो जानकारी दिएका हुन् ।

सङ्क्रमित भएका स्वास्थ्यकर्मीमध्ये एक हजार ९९३ जना भने सङ्क्रमणमुक्त भएको सरकारी अधिकारीहरुले जनाएका छन् । दक्षिण अफ्रिकामा कोरोनाभाइरसबाट सङ्क्रमित भएर मृत्यु हुनेहरुको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको पनि स्वास्थ्य मन्त्रीले जानकारी दिए ।

पछिल्लो विवरण अनुसार देशभरी एक लाखभन्दा बढी सङ्क्रमित भएका छन् भने एक हजार ९९१ जनाको मृत्यु भएको छ । सङ्क्रमित हुने र मृत्यु हुनेहरुको संख्या बढ्दै गइरहेकाले सङ्क्रमितको उपचारमा अझ धेरै स्वास्थ्यकर्मीहरुको आवश्यकता रहेको स्वास्थ्य मन्त्रीको भनाइ छ ।

आवश्यकता पूर्तिका लागि सरकारले नयाँ स्वास्थ्यकर्मीलाई सरकारी सेवामा लगाउने प्रयास एकातर्फ गरिरहेका छ भने अर्कोतर्फ हालै अवकासप्राप्त स्वास्थ्यकर्मीलाई पनि सेवामा सहभागी हुन आह्वान गरेको छ ।

त्यसैगरी अन्य स्वास्थ्यकर्मीहरुलाई पनि कोरोनाविरुद्धको लडाईमा आ-आफ्नो तरिकाले लाग्न पनि सरकारले आग्रह गरेको छ । उनीहरुलाई काममा फर्काउन आवश्यक आधारभूत तालिम, सुरक्षा र प्रतिरक्षाको व्यवस्था सरकारले गरिदिने आश्वासन पनि स्वास्थ्य मन्त्री एमखीजाले दिएका छन् ।

## बार्सिलोना फेरी शीर्ष स्थानमा



**स्पेन, एजेन्सी**–स्पेनिस ला लिगा फुटबलमा बार्सिलोना फेरि शीर्ष स्थानमा उक्लिएको छ । साविक विजेता बार्सिलोनाले मंगलबार रातिको खेलमा एथ्लेटिक बिल्बाओमाथि १-० को जित दर्ता गर्दै रियल मड्रिडलाई पछि पार्दै शीर्ष स्थानमा उक्लिएको हो ।

निकै प्रतिस्पर्धात्मक खेलमा इभान राकीटिचले दोस्रो हाफको मध्यतिर गोल गर्दै अग्रता दिलाएका थिए । बार्सिलोनाले लगातार बल पोसेसन राख्दै दबाब बनाए पनि बिल्बाओको रक्षात्मक रणनीति तोड्न भने गाह्रो भएको थियो ।

राकीटिचले खेलको ७१ औं मिनेटमा गोल गर्दै बार्सिलोनालाई अग्रता दिलाएका थिए । लिओनेल मेस्सीले पेनाल्टी क्षेत्र भित्रबाट प्रहार गर्न खोजेको बल डिफेनडरलाई लाग्दै फुस्किएपछि राकीटिचले पहिलो टचमा नै गोल गरेका थिए । राकीटिचले वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेको ६ मिनेटपछि नै गोल गरेका थिए ।

## रक्षामन्त्री सिंह मस्कोमा विशेष कार्यक्रममा सहभागी

**भारत/एजेन्सी-** भारतका रक्षामन्त्री राजनाथ सिंह बुधबार रुसको राजधानी मस्कोमा आयोजना भएको रुसी विजय दिवससम्बन्धी विशेष कार्यक्रममा सहभागी भएका छन् । रुसी राजधानी मस्कोबाट प्राप्त समाचारमा उनी दोस्रो विश्व युद्धमा रुसले जर्मनीको नाजी सरकारमाथि विजय गरेको अवसरमा रुसको राजधानी मस्कोमा आयोजना गरिएको एक प्रकारको विशेष सैनिक परेड कार्यक्रममा सहभागी भएका हुन् ।

रक्षामन्त्री सिंह सोमबार रुस प्रस्थान गरेको भारतीय सञ्चारमाध्यमहरुले जनाएका थिए। उनले भारतीय सैनिक समेत सहभागी रहेको सो विशेष महत्वको कार्यक्रममा आफू सहभागी हुन पाउँदा खुशी लागेको बताएका छन् ।

यो कार्यक्रम मे ९ तारिखका लागि तय गरिएको थियो । तर विश्वमा फैलिएको कोरोना भाइरसको महामारीका कारण यो कार्यक्रम बुधबारका लागि सारिएको बताइएको छ । उनले ट्वीट गरेर सो जानकारी गराएको समाचारमा जनाइएको छ । भारतीय सञ्चारका अनुसार उनले रुससँग प्रतिरक्षाका विषयमा आवश्यक छलफल गर्ने भएका छन् ।

सोमबार मस्को पुग्नुभएका उनको यो भ्रमण तीन दिनको रहेको बताइएको छ । आफू रुसमा रहँदा त्यहाँका रक्षामन्त्रीसँग प्रतिरक्षा विषयमा वार्ता गर्ने पनि उनले जानकारी दिएका छन् ।

## मेक्सिकोमा ७.४ म्याग्नीच्यूडको शक्तिशाली भूकम्प

**मेक्सिको/एजेन्सी-** मध्य अमेरिकी राष्ट्र मेक्सिकोको दक्षिणी क्षेत्रलाई केन्द्रविन्दु बनाएर मंगलबार ७.४ म्याग्नीच्यूडको भूकम्प गएको छ । प्रारम्भिक विवरण अनुसार भूकम्पका कारण छ जनाको मृत्यु भएको अधिकारीहरुले जनाएका छन् । स्थानीय अधिकारीहरुले भूकम्पबाट जोगिन सयौं मानिस घरबाहिर भाग्नुका साथै स्थानीय तेल प्रशोधन कारखाना पनि बन्द गर्नु परेको बताएका छन् ।

मेक्सिकोको राजधानी मेक्सिको सिटीभन्दा करिब ७०० किलोमिटर टाढाको ओक्जाका शहरका बासिन्दा भूकम्पको मुख्य झड्का र ससाना परकम्पबाट त्रसित बनेका छन्। मृत्यु भएका सबै व्यक्ति यही शहरका बासिन्दा हुन्। उनीहरुलाई भूकम्पका कारण भत्किएको घरले थिचेको थियो ।

कोरोनाभाइरसको महामारीका कारण शहर बजार बन्द गरेर घरभित्र बस्नु परेका नागरिकलाई भूकम्पले सडकमा ल्याएको स्थानीयबासीको भनाइ छ । ओक्जाका शहरका ६० वर्षीय फूल बिक्रेता जुआ मार्टिनेजले बजारमा चहलपहल शुरु हुन नपाई भूकम्पले अर्को समस्या थोपरेको गुनासो गर्नुभयो ।

अमेरिकी भौगर्भिक सर्भेका अनुसार भूकम्पको केन्द्र जमिनको सतहभन्दा २३ किलोमिटरमुनि मात्र रहेको थियो । मेक्सिकोका राष्ट्रपति आन्द्रेस म्यानुअल लोपेज ओब्राडोरले भूकम्प निकै शक्तिशाली भए पनि बन्दरगाह, बिमानस्थल, तेल प्रशोधन केन्द्रहरु र विद्युतगृह जस्ता रणनीतिक पूर्वाधारमा कुनै क्षति नभएको बताएका छन् ।

मेक्सिकन आयलले ओक्जाकास्थित सालिना क्रुज प्रशोधन केन्द्रलाई पूर्व सावधानीका लागि बन्द गरिएको जनाएको छ । भूकम्पका कारण एउटा प्लान्टमा आगो समेत देखिएको कम्पनीले जनाएको छ। यही प्रशोधन केन्द्रमा कार्यरत एक मजदूर माथिबाट लडेर मृत्यु भएको थियो ।

मेक्सिकन आयलले मुलुकका अन्य रिफाइनरी पूर्ववत रुपमा सञ्चालनमा रहेको जनाएको छ । भूकम्प गएको छ घण्टाको अवधिमा ४.६ म्याग्नीच्यूडसम्मका ४४७ वटा परकम्प गएका अधिकारीहरुले बताएका छन् । भूकम्पबाट भएको जनधनको अरु क्षतिको विवरण संकलन गर्ने तथा उद्धारका कार्यहरु भइरहेको मेक्सिकोको गृह मन्त्रालयले जनाएको छ ।

**Nepal Government**
**Ministry of Physical Infrastructure & Transport**
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office**
**Road Division Ilam**

**Letter of Intention to Award Contracts**

Date of Publication: 2020-06-25 (2077-03-11 BS)

This is to inform to all concerned in accordance with the Instructions to Bidders as Clause 27(2) of Public Procurement Act 2063(PPA) that it is our intention to award the following contracts of Invitation for Online Bids, published on the date 22-05-2020 in Annapurna post daily newspaper, Notice No: 06-076/77 of the Road Division Ilam to the bidder as listed below as Bid price of corresponding bidder, as corrected and modified, is determined to be substantially responsive and lowest evaluated Bid price.

| S. N. | Contract No. | Description of works | Lowest evaluated substantially responsive bidder's name and address | Bid Amount with VAT and PS (NRs.) |
|---|---|---|---|---|
| 1 | 06-076/77-RDILAM-20Re2 | Periodic Maintenance of Mechi Highway (Fikkal-Mai Khola Section) | M/S Bhagawati-Shankar Trishakti-Shanti JV, Birtamod-02, Jhapa | 33908574.44 |
| 2 | 06-076/77-RDILAM-27Re | Recurrent maintenance works of Mechi Highway (193+000 to 226+000) | M/S SanjivNirmanSewa Pvt. Ltd., Phidim-1, Panchthar | 3585231.23 |

Please be informed that if review application from any bidders will not be received by Road Division Ilam within seven days as mentioned in Instruction to Bidders and Clause 47 of PPA then "Letter of Acceptance" will be issued to above listed bidder as per Clause 27(3) of PPA.

**Division Chief**

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



### काठमाडौं महानगरपालिकाले ल्यायो १६ अर्ब ४२ करोडको बजेट

# होटल तथा पर्यटन क्षेत्रलाई सम्पति करमा भारी छुट

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असार

काठमाडौं महानगरपालिकाको आगामी आर्थिक बर्ष २०७७-०७८ का लागि १६ अर्ब ४२ करोड ७३ लाख २६ हजार रुपैयाँको अनुमानित बजेट तथा कार्यक्रम सार्वजनिक गरेको छ ।काठमाडौं महानगरपालिकाकी उपप्रमुख हरिप्रभा खड्की श्रेष्ठले सो रकम बराबरको बजेट नगरसभाको सातौं अधिवेशनमा प्रस्तुत गरेकी हुन्। उनले प्रस्तुत गरेको बजेटमा आर्थिक बिकास क्षेत्रका लागि १७ करोड २३ लाख बिनियोजन गरिएको छ। यो कुल बजेटको १ दशमलम ५ प्रतिशत हो । त्यसैगरी कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रको लागि १ अर्ब ७८ करोड २७ लाख ५० हजार बिनियोजन गरेको छ। यो कुल बजेटको १० दशमलब ८५ प्रतिशत हो ।




काठमाडौं महानगरपालिकाले पूर्वाधार बिकास क्षेत्रका लागि ८ अर्ब ४३ करोड ४३ लाख ७१ हजारको बजेट बिनियोजन गरेको छ। यो कुल बजेटको ५१ दशमलब ३४ प्रतिशत हो । यस्तै सामाजिक बिकास क्षेत्रका लागि २ अर्ब ४९ करोड ९८ लाख बजेट बिनियोजन गरेको छ । जुन कुल बजेटको १५ दशमलब २२ प्रतिशत हो । त्यसैगरी सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रका लागि रु ९६ करोड ३० लाख बजेट बिनियोजन गरेको छ। जुन कुल बजेटको ५ दशमलब ८६ प्रतिशत हो । शसर्त अनुदान तर्फ २ अर्ब ५७ करोड ५१ लाख ५ हजार बिनियोजन गरेको छ। जुन कुल बजेटको १५ दशमलब ६८ प्रतिशत हो । काठमाडौं महानगरपालिकाको आर्थिक बर्ष २०७७-०७८ का लागि १६ अर्ब ४२ करोड ७३ लाख २६ हजार रुपैयाँ आम्दानी हुने प्रक्षेपण गरेको छ। जसमध्ये अन्तरिक श्रोतबाट कुल ६ अर्ब ७६ करोड ६५ लाख आम्दानी हुने प्रक्षेपण गरेको छ । यो कुल आम्दानीको ४१ प्रतिशत हो। त्यसैगरी बाह्य श्रोततर्फ निशर्त अनुदानबाट १ अर्ब ४२ करोड ४८ लाख ९५ हजार, शसर्त अनुदान बाट २ अर्ब ५७ करोड ५१ लाख ५ हजार, सामाजिक सुरक्षा भत्ता बापत १ अर्ब २० करोड, जग्गा एकीकरण बाट ९६ करोड ८ लाख २६ हजार गरी कुल ६ अर्ब १६ करोड ८ लाख २६ हजार आम्दानी हुने प्रक्षेपण गरेको छ। जुन कूल आम्दानीको ३७ दशमलब ५० प्रतिशत हो । कुल आम्दानीमा नपुग हुने रकम ३ अरब ५० करोड बैंक मौज्दातबाट व्यहोर्ने महानगरपालिकाले प्रस्तुत गरेको बजेटमा उल्लेख गरिएको छ । यो कूल आम्दानीको २१ दशमलब ३० प्रतिशत हो । आन्तरिक स्रोतबाट महानगरपालिकाले ६ अर्ब ७६ करोड ६५ लाख आन्दानी गर्ने लक्ष्य लिएको छ । जस अन्तर्गत प्रमुख स्रोतका रुपमा रहेको बहाल करबाट १ अर्ब ५० करोड असुल गर्ने लक्ष्य लिएको छ भने सम्पत्ति करबाट ८० करोड उठाउने लक्ष्य लिएको छ। त्यसैगरी व्यवसाय करबाट ४० करोड, विज्ञापन करबाट ६ करोड असुली गर्ने लक्ष्य पनि महानगरपालिकाले लिएको छ भने शुल्क आयबाट १ अर्ब ५० करोड असुल गर्ने लक्ष्य लिएको छ। कवाडी करलगायतबाट पनि महानगरपालिकाले आम्दानी गर्ने लक्ष्य लिएको छ । महानगरपालिकाले आन्तरिक स्रोतबाट कुल बजेटको ४१ दशमलब १९ प्रतिशत असुल गर्ने लक्ष्य लिएको छ ।

# अन्नपूर्णको बजेट ६६ करोड

**मध्यान्ह संवाददाता**
पोखरा, १० असार

कोभिड-१९ को महामारी रोकथामसँगै यसका कारण रोजगारी गुमाएकालाई अवसर दिँदै उत्पादन र उत्पादकत्व वृद्धिलाई प्राथमिकतामा राखेको कास्कीको अन्नपूर्ण गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ का लागि रु ६६ करोड १२ लाखको बजेट सार्वजनिक गरेको छ ।

गाउँपालिकाद्वारा बुधबार यहाँ आयोजित बजेट सार्वजनिक कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष सगुन गुरुङले आव २०७७/७८ का लागि चालु तर्फ रु ४३ करोड २३ लाख १८ हजार र पूँजीगत तर्फ २२ करोड ८८ लाख ८२ हजार बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । विषयगत समिति अन्तर्गत बजेट बाँडफाँट गरिएको जानकारी दिँदै उहाँले पूर्वाधार विकासतर्फ रु १६ करोड ५४ लाख, आर्थिक विकास तर्फ तीन करोड ४९ लाख, सामाजिक विकास तर्फ ३७ करोड ४० लाख विनियोजन गरिएको छ ।

त्यस्तै वन, वातावरण तथा विपद् व्यवस्थापनमा रु एक करोड १३ लाख, सुशासन तथा संस्थागत विकासमा ७ करोड ५५ लाख विनियोजन गरिएको छ । गाउँपालिकाले कोरोनाका




कारण वैदेशिक रोजगार गुमाएर नेपाल फर्किएका युवालाई अवसरको रूपमा उपयोग गर्दै उनीहरुको अनुभव, सीप क्षमताको समुचित प्रयोग गरी उत्पादनमा आधारित कृषि, पशुपालन, पर्यटन, निर्माण र साना घरेलु उद्योगमा आधारित कार्यमा सहभागी गराई रोजगारका अवसर सिर्जना गरिने नीति तथा कार्यक्रममा अघि सारेको थियो ।

कृषि क्षेत्रको विकास र प्रवर्द्धन गर्न गाउँपालिकाभित्रका विभिन्न कृषियोग्य जमिनलाई सम्भाव्यताका आधारमा तरकारी, फलफुल तथा नगदेबालीका पकेटक्षेत्रको रूपमा घोषणा गर्दै कृषिको आधुनिकीकरण एवं व्यवसायीकरण गर्न प्रोत्साहित गरिनेलगायतका नीति लिएको छ ।

बजेटमा गाउँपालिकाभित्र पूर्वाधार विकास अन्तर्गत बाटोघाटो, पदमार्ग, पुरातात्विक सम्पदा आदि कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । त्यस्तै लक्षित वर्ग तथा समुदायको सशक्तीकरण, खानेपानी, पर्यटन प्रवर्द्धन, स्थानीय रैथाने जातको संरक्षणका साथै खाद्य सुरक्षा तथा खाना संरक्षण कार्यक्रम लगायतलाई जोड दिइएको छ ।

# महाकाली नगरपालिकाको नीति तथा कार्यक्रम सार्वजनिक




**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १० असार

महाकाली नगरपालिकाले बेरोजगार युवाहरुलाई आकर्षण गर्ने नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । बुधबार भएको नगरपालिकाको छैठौं नगरसभामा उक्त नीति तथा कार्यक्रम सार्वजनिक गरिएको हो । अगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दै नगर प्रमुख हंसराज भट्टले नगर क्षेत्र भित्र रहेका बेरोजगार तथा सीप युक्त जनशक्तिलाई 'मेरो सीप र श्रम मेरो माटोलाई' कार्यक्रममा आबद्ध गराई ५ सय बढी युवाहरुलाई नगर प्रमुख रोजगार कार्यक्रम मार्फत कम्तीमा ३ महिना रोजगारी प्रदान गर्ने जानकारी दिए ।

'कृषि शिक्षा पर्यटन र व्यापार, महाकाली नगरपालिकाको समृद्धिको आधार' मूल नारा समेटिएको नीति तथा कार्यक्रममा नगरसभाबाट अन्न दाताका रुपमा रहेका कृषकहरुको कृषि पेशा प्रति आत्म गौरव बढाउन एवं कृषिलाई व्यवसायिकतातर्फ लैजान र युवा शक्तिलाई कृषि पेशातर्फ आकर्षित गर्न प्रोत्साहन गर्ने उद्देश्यले कृषकहरुलाई सम्मानसहित कृषक पेन्सन कार्यक्रम लागू गरिने नगर प्रमुख भट्टले बताए ।

यस्तै स्वास्थ्य क्षेत्रको समस्यालाई मध्यनजर गर्दै एम्बुलेन्स खरिदका लागि आवश्यक रकम विनियोजन गरी आकस्मिक दुर्घटना एवं गम्भीर प्रकृतिका प्रसव पिडा, एपेन्डिसाइटिस, हार्ट अर्टेक, मृगौला फेलियर, ब्रेन हेम्ब्रेजजस्ता रिफरल केशहरुमा निस्शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने तथा सामान्य रिफरल केशहरुमा एम्बुलेन्सको शुल्कमा ५० प्रतिशतसम्म अनुदान दिने कार्यक्रममा समेटिएको छ ।

अगामी वर्ष नगर विकास कोष संगको सहकार्यमा महाकाली नगरपालिका वडा नम्बर ४ मा अत्याधुनिक कमर्सियल भवनकारुपमा महाकाली मल निर्माण गर्ने योजना नीति तथा कार्यक्रममा समेटिएको छ। विद्युत प्राधिकरणसँगको सहकार्यमा बजार क्षेत्रमा रहेका अव्यवस्थित खुल्ला विद्युतीय तारहरुलाई विस्थापन गरी प्लाष्टिक कोटेड एबिसी केवल विछ्याइनेजस्ता अन्य सामाजिक विकासका कार्यहरु समेटेर अगामी वर्षका लागी नीति तथा कार्यक्रम ल्याइएको छ । नगरसभामा उपप्रमुख सुना बोहराले अगामी आर्थिक वर्ष २०७७/०७८ का लागि कुल ६३ करोड ३४ लाख ९५ हजार १ सय ६ रुपैयाँ अनुमानित बजेट पेश गरिन् ।

# भैरहवा यातायात कार्यालयले लकडाउनमा पनि २२ करोड राजश्व संकलन गऱ्यो

**भैरहवा/मस**-विश्वमै कोरोनाको माहामारी फैलिरहेको बेला यातायात व्यवस्था सेवा कार्यालय भैरहवामा भने कर्मचारी अभाव र कोरोनाको जोखिम मोल्दै कर्मचारीहरु बिहान ८ बजे देखि बेलुका ६ बजेसम्म काममा खटिएका छन्। प्राय: जसो कार्यालय १० बजेदेखि ५ बजे सम्म सञ्चालन भइरहेको बेला यातायात व्यवस्था सेवा कार्यालयमा भने यस्तो पाइएको हो। उक्त कार्यालयले आर्थिक वर्ष २०७६/०७७ को जेठ मसान्त सम्म २० करोड ५८ लाख ६७ हजार ४ सय ५७ रुपैंया संकलन गरेको थियो। अहिले असार १ गते देखि ९ गते सम्म १ करोड ३५ लाख, ४३ हजार ४ सय ६३ रुपैंया संकलन गरेको कार्यालका निमित्त प्रमुख राजीव अर्यालले जानकारी दिए। असार मसान्त नजिकिँदै गरेको र लकडाउन खुकुलो भए लगत्तै सवारी साधनको कर तिर्नेको लाइन बिहानदेखि साँझसम्म रहेको प्रमुख अर्यालले बताए। कार्यालयले असार १ गते १२ लाख, ९५ हजार ५ सय रुपैंया, २ गते १७ लाख ९ हजार ६ सय ९० रुपैंया, ३ गते १६ लाख ९ हजार ६ सय रुपैंया, ४ गते १८ लाख ९१ हजार ४ सय ६० रुपैंया, ५ गते १२ लाख, २१ हजार १ सय २० रुपैंया, ७ गते १७लाख, १ हजार ६ सय ९३ रुपैंया, ९ गते १८ लाख, १४ हजार ४ सय रुपैंया संकलन गरेको कार्यालयले जनाएको छ। उक्त कार्यालयमा २०७६ माघ देखि कार्यालय प्रमुख र कम्प्युटर अप्रेटरको पद रिक्त रहेको छ। बिहान देखि साँझसम्म निमित्त प्रमुख १ जना, प्रशासन तर्फ १ जना, लेखा तर्फ १ जना, प्राविधि १ जना र ३ जना कार्यालय सहायकले सेवा दिइरहेको निमित्त प्रमुख अर्यालले बताए। दरबन्दी भएता पनि कर्मचारी अभाव हुँदा बिहान ८ बजे देखि बेलुका ६ बजे सेवा प्रभाह गर्नकोलागि एक सिफ्टका कर्मचारी मात्रै सेवा दिएको प्रमुख अर्यालले बताए।

लागू औषध मुक्त जीवन : स्वच्छ, स्वस्थ र समुन्नत समाज ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# एनआईसी एशिया बैंकद्वारा ३० लाख बीमा रकम हस्तान्तरण

**काठमाडौं/मस**-एनआईसी एशिया बैंकले ग्राहक चमत्कारिक तथा सुपर चमत्कारिक बचत खाता योजनाअन्तर्गत घातक रोग उपचार बीमा वापत यस बैंकका दुई जना ग्राहकहरूलाई रू.१५ लाख प्रतिव्यक्तिका दरले रू.३० लाख बीमा रकम भुक्तानी गरेको छ । चमत्कारिक बचत खाता 'डायमण्ड' श्रेणीमा खाता खोलेका नवलपरासीस्थित भुमई निवासी दिपक श्रेष्ठलाई क्यान्सर रोगको उपचार वापत र सुपर चमत्कारिक बचत खाता 'डायमण्ड' श्रेणीको खाता खोलेका काठमाडौंस्थित बुढानिलकण्ठ निवासी बसन्तराज कुँवरको श्रीमती पूजा कुँवरलाई क्यान्सर रोगको उपचारवापत उक्त रकम भुक्तानी गरिएको हो। सुपर चमत्कारिक बचत खातामा खातावालाको साथै निजको परिवारका सदस्यका लागि पनि बीमा सुविधा उपलब्ध रहेको छ । श्रेष्ठलाई शिखर इन्स्योरेन्स र कुँवरलाई एभरेष्ट इन्स्योरेन्सको सहकार्यमा उक्त बीमा दावी रकम बैंकले भुक्तानी गरेको छ। 'उच्च व्याजदर र अतुलनीय फाइदाले भरिपूर्ण बैंकको न्यू प्रिमियम सुपर चमत्कारिक बचत खातामा ग्राहक महानुभावहरूलाई भविष्यमा आइपर्न सक्ने भवितब्यको लागि चाहिने आर्थिक स्रोतको जोहो गर्न अतुलनीय बीमा सुविधा प्रदान गरिएको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**